आज मिति २०७७ जेठ ३० गते, शुक्रबार बिहान ७:३० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***<u>उपस्थिति</u>***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र प्रसाद बस्याल

<u>विषयहरु :-</u>

**१. सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।**

**२. विविध ।**

**<u>निर्णयहरु :–</u>**

**१. नगरवासी ज्येष्ठ नागरिक, एकल महिला, अशक्त अपांगता भएका व्यक्तिहरुलाई २०७६ चैत्रदेखि २०७७ असार महिनासम्मको सामाजिक सुरक्षा भत्ता यस नगरपालिकाका सबै वडा समितिहरु मार्फत यही २०७७ असार २ गतेदेखि असार ५ गतेसम्म टोल टोल तथा घर घरमा वितरण गर्ने निर्णय गरियो ।**

**२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क) नेपाल सरकार राष्ट्रिय योजना आयोगको समपुरक अनुदान र भनपाको स्रोतबाट व्यहोर्ने गरी आ.व. २०७६/७७ का लागि स्वीकृत योजना अन्तर्गतको भ.न.पा. १ स्थित धालाखुसी पुल र भ.न.पा. ४ स्थित राम मन्दिर पुल निर्माण सम्बन्धमा यस न.पा.को निर्माण समितिको मिति २०७६/८/२४ को निर्णय भई कार्यपालिकामा पेश हुन आएको ठेक्का नं. bktmun/NCB/works/14/076/77 धालाखुसी पुल र bktmun/NCB/works/15/076/77राम मन्दिर पुल निर्माण कार्यको लागि मिति २०७६/११/१६ गते बोलपत्र आह्वान सूचना प्रकाशित भई मिति २०७७/२/७ गते बोलपत्र पेश (Online Submission) भई खोल्ने कार्य सम्पन्न भई हाल प्राविधिक प्रस्ताव मूल्याङ्कन प्रकृयामा रहेको छ । नेपाल सरकारले विश्वव्यापी कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामको लागि बन्दाबन्दी (Lockdown) घोषणा गरेको कारणबाट टेण्डर सूचनाको म्याद थप गर्दै जानु परेको कारणबाट हालसम्म प्राविधिक प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणको कार्य भइरहेको हुँदा प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताको नामावली प्रकाशित गरी आर्थिक प्रस्ताव खोल्ने मिति र समय खुलाई सात दिने सूचना प्रकाशन गर्ने र सो ठेक्काहरुको आर्थिक प्रस्ताव खोली ठेक्का सम्बन्धमा निर्णय गर्ने, आशयपत्र प्रकाशन गर्ने, सम्झौताका लागि सक्कल बोलपत्रदातालाई नियमानुसार म्याद सहित पत्राचार गर्ने र सम्झौता गर्दा नै आर्थिक वर्षको अन्तिम हुने स्थिति रहेको देखियो । ठेक्का नं. bktmun/NCB/works/14/076/77 र bktmun/nbc/works/15/076/77 को नेपाल सरकारसँगको समपुरक योजनाको बजेट भएको र आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभएमा बजेट फ्रिज हुने व्यवस्था रहेको हुँदा उक्त दुवै पुलहरुको कार्य यस आ.व.मा हुन नसक्ने, असारको अन्तिमतिर खोलामा पुलको जग खन्ने र बनाउने कार्य वर्षातको कारणबाट समेत सम्भव नहुने हुँदा उक्त दुवै पुलहरुको ठेक्का प्रकृया रद्द गर्ने, रद्द गरिएको व्यहोरा गोरखापत्रमा सूचना प्रकाशन गरी बोलपत्रदातालगायत सरोकारवालालाई जानकारी दिने र सो पुलहरुको लागि आगामी आ.व.मा बजेट व्यवस्था गरिदिनु हुन नेपाल सरकार, राष्ट्रिय योजना आयोगमा अनुरोध समेत गर्ने निर्णय गरियो ।

ख) बागमती प्रदेश सरकारको समपुरक अनुदान र भ.न.पा. को स्रोतबाट व्यहोर्ने गरी आ.व. २०७६/७७ का लागि स्वीकृत योजना अन्तर्गत भ.न.पा. ३ स्थित बाराही पुल निर्माण सम्बन्धमा यस न.पा.को ठेक्का नं. bktmun/NCB/works/13/076/77 को बोलपत्रहरुको प्राविधिक प्रस्ताव मूल्याङ्कन कार्य यथाशिघ्र सम्पन्न गरी आर्थिक प्रस्ताव खोल्ने र आशयपत्र, सम्झौता प्रकृयाका चरणहरुका कार्य छिटो सम्पन्न गरी ठेक्का सम्झौता गर्ने व्यवस्था मिलाउने । उक्त पुल निर्माण गर्दा प्राबिधिक design र Alignment मा बनाउन साबिकको पुल भत्काई नयाँ पुल निर्माण गर्ने र सोकार्य आ.व. २०७६/७७ मा सम्पन्न गर्न सक्ने हदसम्म निर्माण गरी बाँकी कार्य

आगामी आ.व.मा गर्न मिल्ने गरी बहु वार्षिक ठेक्का सम्झौता गर्ने र सोको लागि आगामी आ.व.मा आवश्यक बजेट व्यवस्था हुनको लागि बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । साथै पुलको दक्षिणी भागमा रहेको विद्युत् ट्रान्स्फर्मर स्थानान्तरण गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुरोध गरी पठाउने र पुरानो पुल भत्काउँदा निस्कने काम लाग्ने सामानहरुको संरक्षण तथा व्यवस्थापन निर्माण समितिले गर्ने निर्णय गरियो ।

ग) बागमती प्रदेश, आर्थिक मामिला तथा योजना मन्त्रालयमा आ.व. २०७७/७८ का लागि भ.न.पा. वडा नं. १ स्थित धालाखुसीदेखि आलाबुसम्म पीच कार्य (ल.ई. रु.१,९१,३५,५५३।१७) योजनाको लागि समपुरक अनुदान माग गर्ने निर्णय गरियो ।

**घ. हाल विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस संक्रमण नेपालमा समेत तीव्र गतिमा फैलिरहेको र भक्तपुर नगरपालिका भित्रसमेत संक्रमित विरामी भेटिएको अवस्थामा यसको रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्था गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारले सबै स्थानीय तहहरुलाई दिएको हुँदा यस्तो विपद् र विषम् परिस्थितिमा स्थानीय जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य, सफाई र प्रशासनिक कर्मचारीहरु एवं स्वयंसेवकहरु परिचालन भई कोभिड-१९ रोकथाम, नियन्त्रण, परीक्षण र आवश्यक व्यवस्थापनको लागि खटिनु पर्ने हुंदा परिचालन हुनुपर्ने जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य, सफाई र प्रशासनिक कर्मचारीहरु एवं स्वयंसेवकहरुको मनोबललाई उच्च बनाई राख्न आवश्यक देखिएकोले यो विषम अवस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरुलाई एक वर्षको लागि रु.१० लाख बराबर, न.पा.का जनप्रतिनिधिहरु, कर्मचारीहरु, स्वास्थ्य क्षेत्रका कर्मचारीहरु, सफाईकर्मीहरु र नगरपालिकाबाट खटाइने तालिम प्राप्त स्वयंसेवकहरुलाई एक वर्षको लागि रु. ५ लाख बराबरको म्यादी जीवन बीमा गर्ने निर्णय भएकोले निर्णय कार्यान्वयन गर्न राष्ट्रिय विमा संस्थानमा समेत सोधनी गर्दा राष्ट्रिय विमा संस्थानमा उक्त योजना नभएको भनी जानकारी प्राप्त भएकोले अन्य सम्बन्धित कम्पनिहरुसंग कोटेशन माग गर्दा तपसिल अनुसारको दररेट प्राप्त भएको देखिन्छ ।**

| क्र.सं. | कम्पनीको नाम | विमांक रु. १०,००,०००।- | विमांक रकम रु. ५०००००।- |
|---|---|---|---|
| १ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि | | रु. ३०६३।- |
| २ | प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लि. | | रु.४३८०।- |
| ३ | ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | रु. ५०००।- | २५००।- |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | | रु.२९५६।- |

**माथि उल्लेखित कबुल प्रिमियम दर सबैभन्दा कम ज्योति लाईफ इन्योरेन्स कम्पनीको भएकोले निजसंग म्यादी जीवन विमा गर्ने निर्णय गरियो ।**